# मंगला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बाबियाचौर, म्याग्दी

पत्र संख्या :- २०८२/८३
चलानी नं :- ३३८
गण्डकी प्रदेश, नेपाल

मिति: २०८२।०७।११

श्री प्रधानाध्यापक ज्यूहरु,
दीपशिखा माध्यामिक विद्यालय, मंगला-१, कुहुँ
राष्ट्रिय जनजागृति माध्यामिक विद्यालय, मंगला-१, पूर्णगाउँ
शिद्धशान्ति माध्यामिक विद्यालय, मंगला-२, हिदी
त्रिभुवन मंगला माध्यामिक विद्यालय, मंगला-२, -यालेखोर
मंगला माध्यामिक विद्यालय, मंगला-२, वावियाचौर
डनिङ आवासिय माध्यामिक विद्यालय, मंगला-२, वावियाचौर
महेन्द्र रत्न माध्यामिक विद्यालय, मंगला-३, आर्भाङ
शिशु कल्याण माध्यामिक विद्यालय, मंगला-५, अर्मन
शारदा माध्यमिक विद्यालय, मंगला-५, छिस्वाङ्ग

**विषयः राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागि हुने सम्बन्धमा।**

प्रस्तुत विषयमा **"छैटौ मंगला गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता-२०८२"** तपशिल बमोजिमको मिति, समय र स्थानमा निम्न खेलहरु संचालन हुने भएकोले उल्लिखित माध्यमिक विद्यालयहरुलाई अनिवार्य रुपमा सहभागिताको लागि अनुरोध छ।

तपशिल

**१. <u>खेल संचालन हुने मिति, समय र स्थान</u>**

मिति: २०८२।०७।२० देखि २२ सम्म
समय: कार्यक्रम उद्घाटन कार्तिक २० गते विहान ११.०० बजे
स्थान: मंगला-२, लाम्पाटा, खेलकुद मैदान, म्याग्दी।

**२. <u>खेल विवरण</u>**

**क. भलिबल**

छात्रः
छात्राः

२०८२।०७।११
मदन अयाल
प्रमुख प्रशासकीय अधिकृत

"व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन"

Email ID:- mangalarumun1127@gmail.com, WebsiteURL:-www.mangalamun.gov.np, Contact Number:- 9857642...2

गाउँ मंगला गाउँपालिकाको कार्यालय बाबियाचौर, म्याग्दी गण्डकी प्रदेश २०७३

**ख. कबड्डी**

छात्र

छात्रा

**ग. एथ्लेटिक्स**

(अ). दौड(ट्रयाक) तर्फ (छात्र/छात्रा)

- दौड(ट्रयाक तर्फ) १०० मि, २०० मि, ४०० मि, ८०० मि, १५०० मि. र ३००० मि
- रीले दौड: ४x१०० मि. र ४x४००मि.

(आ). उफ्रने र फ्याक्ने (फिल्ड) तर्फ (छात्र/छात्रा)

- हाइजम्प, लङजम्प, सटफुट, त्रिपलजम्प र ज्याभलिङ थ्रो

❖ **खेलका नियमहरु:-**

३. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७०(पाचौं संशोधन) बमोजिम अंक प्रदान गर्ने र खेल खेलाइने छ।

२. खेलाडी विद्यार्थी चालु शैक्षिक सत्र २०८२ मा कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत रहेका १८ वर्षभन्दा मुनिका हुनुपर्ने छ। विद्यालयले विद्यार्थी विवरण IEMIS-2082 मा प्रविष्ट गरेको हुनुपर्दछ र विद्यार्थीको जन्मदर्ताको प्रमाणपत्र अनिवार्य रुपमा बुझाउनुपर्ने छ।

३. टिम इभेन्टसहरुमा एक-एक टिम मात्र विद्यार्थी खेलाडी सहभागी हुन पाउने छन् तर एथ्लेटिक्सको हकमा प्रत्येक खेलाडीले बढीमा १ फिल्ड दुई ट्रयाक वा दुई फिल्ड एक ट्रयाक इभेन्टमा भाग लिन पाउनेछन्।

४. अन्तराष्ट्रियस्तरको प्रतियोगितामा सहभागि भई सकेको खेलाडी यस प्रतियोगितामा सहभागि गर्राईने छैन् ।

५. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा प्रथम, द्धित्तिय र तृतीय हुने विद्यालय र खेलाडीलाई नगद पुरस्कार सहित शिल्ड, मेडल, ट्रफी र प्रमाणपत्र प्रदान गरिने छ।

६. प्रतियोगितामा सहभागि दर्ता मिति २०८२।०७।११ देखि २०८२।०७।१८ गते सम्म कार्यालय समयभित्र मंगला गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा पेस




Email ID:- mangalarumun1127@gmail.com, WebsiteURL:-www.mangalamun.gov.np, Contact Number:- 9857642642


२०८२।०७।१९

मदन अर्याल

प्रमुख प्रशासकीय अधिकृत

गरिसक्नुपर्ने छ। विद्यार्थी खेलाडीको नामदर्ता गर्दा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका २०७० को अनुसुचि १ बमोजिमको फाराम(यसै पत्रसाथ संलग्न गरिएको) अनिवार्य रुपमा भरि बुझाउनुपर्ने छ। सहभागी विद्यार्थी खेलाडीको फाराममा अनिवार्य रुपमा फोटो टाँस गरि यथार्थ विवरण भरि प्र.अ ले दस्तखत गरि विद्यालयको छाप अनिवार्य लगाई जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि सहित पेस गर्नुपर्ने छ। अन्यथा खेलाडीको फाराम दर्ता हुने छैन।

७. खेलाडीको खेल पोशाक अनिवार्य गरिएको छ । सोको व्यवस्था विद्यालयले नै गर्नुपर्ने छ।

८. विद्यार्थी खेलाडीको विविध पक्षको वैधता माथि उजुरी गर्नु परेमा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका २०७० को अनुसुचि-९ बमोजिमको निवेदन सहित उजुरी गर्नुपर्ने टिमको खेल सम्पन्न भएको ३० मिनेट भित्र आयोजक समक्ष तोकिएको दस्तुर बुझाइ प्रोटेष्ट गर्न सक्नेछ ।आयोजकको छानविनबाट दोषि ठहरिइ अवैध विद्यार्थी खेलाडी खेलाएको प्रमाणित भएमा पदक विजेता भएको भएता पनि सो पदक रद्ध गरि निकटतम् प्रतिद्वन्दीलाई प्रदान गरिने छ ।तर पुष्टी हुन नसके विद्यालयको धरौटी जफत हुनेछ।

९. खेल भावना विपरित अवाञ्छित गतिविधि गरेको पाइएमा खेलाडी र विद्यालयलाई आयोजकलाई उचित लागेको अनुशासनको कार्वाही गर्नसक्नेछ ।

१०. मिति २०८२।०७।२० गते हुने मार्चपासको लागि विद्यार्थी खेलाडी विद्यालयको पोशाक, व्यानर र झण्डा सहित उपस्थित हुनुपर्ने छ।उत्कृष्ट मार्चपासलाई नगद र प्रमाणपत्र सहित पुरस्कृत गरिने छ।

११. एथ्लेटिक्समा तेस्रो रेफ्रीको रुपमा भिडियो क्यामेरा प्रयोग गरिनेछ ।

थप जानकारीका लागि:, डिल्लीरमण सुवेदी (शिक्षा शाखा प्रमुख)-९८४७६७२८८१

२०८२।०७।११
मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको कार्यालय
मंगला गाउँपालिका
बाबियाचौर, म्याग्दी
गण्डकी प्रदेश नेपाल
२०७३

अनुसूची-१

सहभागी हुन भर्नुपर्ने फारामको ढाँचा

(दफा ९ को उपदफा (१) र (६), दफा १२ को उपदफा (१), दफा १४ को उपदफा (१) सँग सम्बन्धित)

<u>प्रतियोगितामा सहभागी हुन भर्नुपर्ने फारमको नमूना</u>

१. संहभागी विद्यार्थीको नाम :
२. विद्यालयको नाम / ठेगाना :
३. अध्ययनरत कक्षा :
४. जन्म मिति :
५. सहभागी हुने खेल :
६. सहभागी हुने विद्यार्थीको हस्ताक्षर :

उल्लेखित व्यहोरा ठिक साँचो हो भनि प्रमाणित गर्ने,

| विद्यालयबाट छनौट भएमा | स्थानीय तहबाट छनौट भएमा | जिल्लाबाट छनौट भएमा | प्रदेशबाट छनौट भएमा |
|---|---|---|---|
| प्रधानाध्यापकको | व्यवस्थापन तथा निर्देशन समितिको संयोजक वा सदस्य सचिव | जिल्ला खेलकुद विकास समितिको कार्यालय प्रमुखको | प्रदेश खेलकुद विकास समितिको कार्यालय प्रमुखको |
| नाम : | नाम : | नाम : | नाम : |
| हस्ताक्षर : | हस्ताक्षर : | हस्ताक्षर : | हस्ताक्षर : |
| मिति : | मिति : | मिति : | मिति : |
| मोबाइल/ फोन नं: | मोबाइल/ फोन नं: | मोबाइल/ फोन नं: | मोबाइल/ फोन नं: |
| विद्यालयको छाप : | कार्यालयको छाप : | कार्यालयको छाप : | कार्यालयको छाप : |

खेलाडीको जन्म दर्ताको प्रमाणपत्र अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

२०८२।८।११
मदन अयाल
प्रमुख प्रशासकीय अधिकृत